# मिति २०७८/०३/०३ गते बसेको सातौ गाउँ सभाको बैठकबाट पारित भएका निर्णयहरु

निर्णय नं. १

उपाध्यक्षबाट आर्थिक वर्ष २०७८/०७९ मा कर तथा गैर कर राजस्व लगाउने, उठाउने कार्यका लागि पकहा मैनपुर गाउँपालिका आर्थिक विधेयक, २०७८ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकाहा मैनपुर गाउँपालिका आर्थिक विधेयक, २०७८ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा बहुमत बाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

उपाध्यक्षबाट आर्थिक वर्ष २०७८/०७९ को राजस्व तथा व्ययको अनुमानित बजेट रु.४०,९२,१६,०००/- (अक्षरेपी चालीस करोड ब्यान्नबे लाख सोह्र हजार मात्र) को सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को रु.४०,९२,१६,०००/- (अक्षरेपी चालीस करोड ब्यान्नबे लाख सोह्र हजार मात्र) को राजश्व र व्ययको अनुमान सभा समक्ष पेश हुदा बहूमतबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

अध्यक्षबाट आर्थिक वर्ष २०७८/०७९ को अनुमानित बजेट रु.४०,९२,१६,०००/- (अक्षरेपी चालीस करोड ब्यान्नबे लाख सोह्र हजार मात्र) को विवरण उल्लेख भएको पकहा मैनपुर गाउपालिकाको विनियोजन विधेयक, २०७८ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७३

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अनुमानित बजेट रु.४०,९२,१६,०००/- (अक्षरेपी चालीस करोड ब्यान्नबे लाख सोह्र हजार मात्र) को विवरण उल्लेख भएको पकहा मैनपुर गाउपालिकाको विनियोजन विधेयक, २०७८ सभा समक्ष पेश हुदा बहूमतबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

२०७७ श्रावण १ गते देखि २०७८ असाढ २ गते सम्म, कार्यपालिका बैठक, विभिन्न समिति उप-समितिका बैठकबाट भएका सम्पूर्ण निर्णयहरु बहुमत बाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५

आ.व. २०७७/०७८ मा भए गरेको सम्पूर्ण आम्दानी तथा खर्च अनुमोदन गर्ने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.६

आर्थिक वर्ष २०७८/०७९ का लागि आकस्मिक योजनामा विनियोजित बजेट बाट योजनाहरु छनौट गरी कार्यान्वयनका लागि देहाय बमोजिमको समिति गठन गर्ने बहुमत बाट निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | - | गाउपालिका प्रमुख, पकहा मैनपुर गाउपालिका |
| सदस्य | - | प्रमुख प्रशासकीय अधिकृत, पकहा मैनपुर गाउपालिका |
| सदस्य सचिव | - | योजना शाखा प्रमुख, पकहा मैनपुर गाउपालिका |

निर्णय नं.७

२०७७ श्रावण देखि २०७८ जेठ मसान्त सम्म आर्थिक सहायतामा भएको सम्पूर्ण खर्च बहुमत बाट अनुमोदन गर्ने निर्णय गरियो साथै अषाढ मसान्त सम्म हुने अग्रीम अनुमोदन गर्ने निर्णय गरीयो ।

पकहा मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

निर्णय नं.८

गाउँपालिकाको सडक मापदण्ड र भवन संहिता बनीनसकेकोले निर्माण गरी लागु गर्न गराउनु कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र सो नभएसम्म नेपाल सरकारबाट जारी सडक मापदण्ड र भवन संहिता २०७२ अनुसार गर्ने गराउने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.९

संघीय सरकार तथा प्रदेश सरकारबाट अन्यथा तोकिआएमा सोही बमोजिम हुने गरी अर्को व्यवस्था नभएसम्म यस गाउँपालिका र मातहतको दरबन्दी तेरिज कार्यपालिकाले निर्धारण गरे अनुसार हुने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.१०

जिल्ला विकास समितिबाट समायोजन भई यस गाउंपालिकामा आएका तथा गाउँपालिकाबाट हाल सम्म सेवा करारमा नियूक्त भई काम गर्दै आएका कर्मचारीहरुलाई निजले करार संभौता वमोजिम खाइपाई आएको सेवा सुविधा पाउने गरी अर्को व्यवस्था नभएसम्म सोहि अनुसार हुनेगरी आ.व. २०७८/०७९ को लागि हाललाई पकहाँ **मैनपुर गाउँपालिका प्रशासकीय कार्यबिधि (नियमित तथा व्यवस्थित गर्ने) विधेयक २०७६ बमोजिक कार्य सम्पादन मुल्याङ्कन आधारमा** बढीमा २०७९ आषाढ मसान्त सम्मको लागि म्याद थप गरी काममा लगाउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.११

अतिआवश्यक तथा जरुरी कार्यहरु गर्न परेमा बजेट सिमामा थप व्यय भार नपर्ने गरी गाउ कार्यपालिकाको निर्णयबाट खर्च गर्न सक्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाइ अधिकार प्रत्यायोजन गर्ने बहुमत बाट निर्णय गरियो ।

निर्णय नं.१२

गाउँ कार्यपालिका को बैठक बस्न नसकेको अवस्थामा विशेष परिस्थितिका कार्यहरु गाउँपालिका अध्यक्ष स्तरको निर्णयबाट खर्च वा कार्य गर्न सकिने गरी गाउँकार्यपालिकाको

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

अधिकार गाउँ कार्यपालिकाको सिफारीश बमोजिम गाउँपालिका अध्यक्षलाई प्रत्यायोजन गर्ने बहुमतबाट पारीत गरीयो ।

निर्णय नं.१३

पकहाँ मैनपुर गाउँपालिकाको संगठन संरचना स्वीकृत गरियो र तपशिल अनुसारका थप दरबन्दी स्वीकृत गर्ने बहुमतबाट निर्णय गरियो ।

क) कार्यालय सहयोगी १४ जना

(गा.पा. कार्यालयमा ९ जना (१ जना महिला सहित) , वडा कार्यालयहरुमा १ जना तथा स्वास्थ्य चौकीहरुमा ४ जना)

ख) हलुका सवारी चालक २ जना (एम्बुलेन्स चालक १, स्कर्पियो चालक १)

ग) हेभी सवारी चालक १ जना (जे सि बि चालक )

घ) सब इन्जिनियर २ जना (गा पा कार्यालयको प्राविधिक शाखाका लागि)

ङ) अमीन १ जना (गा पा कार्यालयको नापी शाखाको लागि)

च) इलेक्टरीसियन १ जना

छ) सब इलेक्टरीसियन १ जना

ज) अ.न.मी. २ जना (पकहाँ मैनपुर स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टरका लागि)

झ) स्विपर ३ जना (बर्थिङ्ग सेन्टरका लागि २ जना तथा गा.पा.को लागि १ जना )

ञ) कम्प्यूटर अपरेटर २ जना (सहायक स्तर/पाचौ तह)

ट) चौकीदार २ जना (गाउँ कार्यपालिकाको कार्यालयको रात्री पालो पहराका लागि १ जना तथा श्री राम चरित्र भगत मा वि मा)

निर्णय नं.१४

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३

कुल बजेटको २५ प्रतिशत ननाघनेगरी जुनसुकै शीर्षकबाट पूजिगत शीर्षकमा वडाको बजेटको हकमा वडा समितिको निर्णय बमोजिम र गाउँपालिकाको बजेटको हकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुखको संयुक्त बैठकको निर्णयबाट रकमान्तर गर्न सक्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं.१५

पुर्वाधार विकास कार्यक्रम तर्फ का योजनाहरु कार्यन्वयन गर्दा ३ प्रतिशत कन्टिजेन्सि कट्टा गरी योजना व्यवस्थापनमा खर्च गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१६

गाउँपालिकाबाट कार्यान्वयन हुने पुर्वाधार विकासका आयोजनाहरु उपभोक्ता समितिबाट संचालन गर्दा सम्पूर्ण योजनाहरुमा १०% जनसहभागिता जुटाई कार्यान्वयन गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१७

वडा कार्यालयहरुको दैनिक कार्य संचालनका लागि प्रति महिना रु.१०,०००/- का दरले उपलब्ध गराउने निर्णयलाइ निरन्तरता दिने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.१८

आ.व. २०७८/०७९ का लागि तपशिल बमोजिको गा.पा. स्तरीय अनुगमन समिति गठन गर्ने बहुमतबाट निर्णय गरीयो ।

<u>तपसिल</u>

१. श्रीमति कुशुमी देवी(गा.पा उपाध्यक्ष) ............................................संयोजक................
२. श्रीमति कान्ती देवी (कार्यपालिका म.सदस्य) ......................................सदस्य...................
३. श्री म. जाकिर हुसैन(कार्यपालिका सदस्य)..............................................सदस्य...................
४. श्री ...................., (ईन्जिनियर) ..............................................सदस्य.................
५. श्री रामप्रवेश प्रसाद चौरसिया (योजना प्रमुख).......................................सदस्य...................

<u>आमन्त्रित</u>

१. श्री बिजय कुमार चौरसिया (गा.पा.अध्यक्ष) ..............................................................
२. श्री रमेश सुवेदी, (प्रमुख प्रशासकिय अधिकृत)..............................................................

निर्णय नं.१९

गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्ता वृद्धि गरी प्रति महिना रु.१५,०००/- का दरले उपलब्ध गराउने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२०

आ.व. २०७७/०७८ मा स्वीकृत भएका आयोजनाहरु सम्झौता भएका तथा कार्यदेश र सम्झौता गर्न बाकि रहेका सम्पूर्ण आयोजनाहरुलाई आ.व. २०७८/०७९ मा अल्या गरी कार्यान्वयन तथा भुक्तानी गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२१

गाउँपालिका भित्र सामुदायिक विद्यालयहरुमा नियूक्त भएका प्रा.वि. तर्फका शिक्षकहरुको मासिक तलब रु.१८००० र नि.मा.वि. शिक्षकको मासिक तलब रु.२०,००० का दरले उपलब्ध गराउने साथै पोसाक भता र चाडपर्व खर्च समेत उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं.२२

विभिन्न आयोजनाका लागि विनियोजित Matching Fund को रकम खर्च हुन नसकेमा गाउँ कार्यपालिकाको निर्णयबाट पुजिगत तर्फको अन्य आयोजना तथा कार्यक्रममा खर्च गर्न सक्ने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं.२३

यस गाउँपालिका भित्र रहेका अशक्तहरु, असहायहरुबाट औषधी उपचार खर्च माग भइ आएमा र दिन मनासिव देखिएमा कार्यविधी अनुसार गाउँपालिका प्रमुखले रु पाँच हजार सम्म सहयोग गर्न सक्ने बहुमतबाट पारित गरियो ।

निर्णय नं.२४

पकडी मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

आ.व. २०७८/०७९ का लागि स्विकृत बजेटका अतिरिक्त संघीय सरकार तथा प्रदेश सरकारबाट थप बजेट प्राप्त भएमा सो बजेटबाट कार्यपालिकाले आयोजना तथा कार्यक्रम छनौट गरी कार्यन्वयन गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने बहुमतबाट निर्णय गरियो ।साथै वडागत सीमा अनुसारको योज़ना कोरोनाभाइरसको कारण भेला गर्न असम्भव भएकोले सीमा भित्र रही वडा अध्यक्ष वा वडा सचिवले प्रमाणित गरिएको योजनालाई बुहतले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२५

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १३(१) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यून्तम दररेट तोकनु पर्नेछ भनी व्यवस्था रहे बमोजिम यस पकहाँ मैनपुर गाउँकार्यपालिकाले स्वीकृत गरेको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यून्तम दररेट अनुमोदन गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं.२६

गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्याल तथा स्वास्थ्य तर्फका कर्मचारीहरुको मनोबल वृद्धि गर्नका लागि सुरु तलब स्केलको १० प्रतिशत स्थानीय भत्ता मासिक रुपमा उपल्ब्ध गराइनेछ ।

निर्णय नं.२७

साविक जिल्ला विकास समितिबाट समायोजन भइ आएका कर्मचारीहरुको मनोवृतिका लागि बढुवा सम्बन्धी ऐन/कार्यविधि बनाई एक तह बढुवा गरीनेछ ।

निर्णय नं २८

गाउँपालिकालाई पूर्ण खोप घोषणा गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं २९

कोरोना भाइरस रोकथाम, नियंत्रण तथा उपचारमा व्यवस्थापकीय कार्यका लागि खटिएका दुई जना ड्राइभर (एंबुलेन्स, गा.पा. प्रमुखको गाडि) र दुई जना दैनिक ज्यालादारीमा खटिएका व्यक्तिलाई निजहरुले खाइपाइ आएको तलबको ५० प्रतिशत रकम जोखिम भत्ता बापत उपलब्ध गराउने बहुमतबाट निर्णय गरियो ।

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

निर्णय नं ३०

आर्थिक वर्ष २०७७/०७८ देखि दैनिक ज्यालादारीमा काम गर्दै आएका सम्पूर्ण कर्मचारीहरुलाई निरन्तरता दिई पारीश्रमिक भुक्तानी गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३१

सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थाहरुमा नै सुत्केरी सेवा लिन प्रोत्साहनका लागि सुत्केरी महिलालाई गाउँपालिकाबाट थप रु १००० (एक हजार मात्र) रकम उपलब्ध गराउने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३२

सामाजिक परीचालक तथा परीचालिकाहरुको तलबमा प्रति महिना रु ३०००(तीन हजार मात्र) का दरले बृद्धि भएको रकमलाइ निरन्तरता दिने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३३

स्वास्थ्य तर्फका कर्मचारीहरु कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका स्वास्थ्य तर्फका कर्मचारीहरुलाई उपलब्ध गराउदै आएको जोखिम भत्तालाई निरन्तरता दिने बहुमतबाट निर्णय गरियो ।

निर्णय नं ३४

श्रीमान बेपता भएर वा सम्बन्ध विच्छेद भएर वा श्रीमानले अर्को श्रीमती ल्याएर अल्ग्याइएको वा ३५ वर्ष उमेर नाघेर विवाह नगरी एकल जीवन बिताइरहेको गाउँपालिकाका महिलाहरुलाई आर्थिक वर्ष २०७७/०७८ बाट मासिक रु १००० (एक हजार मात्र) थप सामाजिक सुरक्षा भत्तालाइ निरन्तरता दिने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३५

आमा र बाबु दुबै बेपता वा मृत्यु भएका विपन्न वर्गका बालबालिकालाई कक्षा १२ सम्म अध्ययनका लागि मासिक रुपमा रु २००० (दुई हजार मात्र) छात्रवृती उपलब्ध गराउनेलाइ निरन्तरता दिने बहुमतबाट निर्णय गरीयो ।

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

निर्णय नं ३६

९० वर्ष उमेर पुगेका ज्येष्ठ नागरीकहरुलाई सम्मान वापत वार्षिक रु ५००० (पाँच हजार मात्र) निरवाह भत्तालाई निरन्तरता दिने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३६

महिला सशक्तिकरण तथा विकासका लागि पकहा मैनपुर गा.पा. वडा नं.१-५ मा साविक वडा नं. १ देखि ९ का प्रति साविक वडा रु. ५०,००० (पचास हजार मात्र) का दरले महिलाहरुको समुहलाइ अनुदान दिने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं ३७

आ.व. २०७८/०७९ मा प्र.अ. भता मासिक रु. २००० का दरले प्रदान गर्ने बहुमतबाट निर्णय गरीयो ।

निर्णय नं. ३८

चेक तयार तथा भुक्तानी तथा रकमान्तर सम्बन्धमा ।

यस पकहाँ मैनपुर गाउँपालिकालाई सघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम यस कार्यालयको बैंक मौज्दात हुँदा सम्म चालु आर्थिक वर्ष २०७७/०७८ को हकमा आषाढ मसान्त सम्म चेक तयार गरी भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो । साथै आषाढ मसान्तमा भुक्तानी हुन नसकेका योजना/कार्यक्रमको रकम र साट्न वाँकी चेकको रकम २०७८ भाद्र १ गते देखि भुक्तानी गर्ने बहुमतले निर्णय गरियो । कुल बजेटको २५ प्रतिशत नबढ्ने गरी कार्यपालिकाले गर्न सक्ने रकमान्तर सीमालाई गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख र लेखा प्रमुख को वैठकले रकमान्तर गर्नसक्ने निर्णय गरियो ।

निर्णय नं. ३९

यस गाउपालिकाका बासिन्दाहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य सेवलाई थप प्रभावकारी बनाउन एक जना एम.बि.बि.एस. डाक्टर, ल्याब टेक्निसियन र एक्स-रे प्राविधिक राख्ने निर्णय गरीयो साथै हाल क्वारेन्टाइनमा कार्यरत एम.बि.बि.एस. डाक्टर र ल्याब

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

टेक्निसियनलाई प्राथमिकता दिने निर्णय गरीयो । यदि निजहरुले इच्छा जाहेर नगरेमा खुल्ला विज्ञापन मार्फत छनौट गरी राख्ने बहुमतले निर्णय गरीयो ।

**निर्णय नं ४०**

यस गाउँपालिका मा रहेको श्री रामचरित्र भगत माध्यमिक विद्यालय को लागी १ जना माध्यमिकि शिक्षक र यस पालिकाभित्र रहेका विद्यालयको लागी स्वयम् सेवा शिक्षक ४ जना नियुक्ति गर्ने निर्णय गरियो । साथै सोको लागी माध्यमिक तर्फ मासिक रु२५०००।– र स्वयम् सेवाको लागी मासिक रु १५०००।– का दरले पारिश्रमिक उपलव्ध गराइने बहुमतले निर्णय गरियो ।

**निर्णय नं ४०**

यस पकहाँमैनपुर गाउँपालिकाको दररेट जिल्ला दररेटलाई नै हुवहु प्रयोग गर्ने बहुमतले निर्णय गरियो ।

**निर्णय नं ४०**

यस पकहाँमैनपुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ कर्मचारी समायोजना तथा वढुवा सम्वन्धी ऐन २०७७ दफावार छलफल गरी बहुमतले पारित गरियो । ५ वर्ष भन्दा वढी सेवा गर्दै आएका साविकको स्थानीय तहबाट यस पालिकामा आएका कर्मचारीहरुको एकपटको लागी एक तह बढुवा गरी बढुवा समायोज गर्ने बहुमतले निर्णय गरियो ।

पकहाँमैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
प्रदेश नं.२, नेपाल
२०७३